## एम.एस्सी. (कृषि, पशु विज्ञान र एक्वाकल्चर), एम.भि.एस्सी. र विद्यावारिधी तहमा विद्यार्थी भर्ना सम्बन्धि पून प्रकाशित सूचना

मितिः २०७४।१०।१६

शैक्षिक वर्ष २०७३/७४ का लागि यस अध्ययन संस्थानद्धारा स्नातकोत्तर क्याम्पस कीर्तिपुरमा संचालन गरिने स्नातकोत्तर र विद्यावारिधी तह अन्तर्गतका निम्न विषयहरुमा भर्ना हुनका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका ईच्छुक व्यक्तिहरुले निम्नानुसारका शर्त पालना गरी आफूले हासिल गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरु र चारित्रिक प्रमाणपत्रका साथै नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र हालसालै खिचेको पासपोर्ट साइजको फोटो ३ (तीन) प्रति सहित रितपूर्वकको आवेदन फाराम भरी तोकिएको म्यादभित्र यस अध्ययन संस्थान, डीनको सम्पर्क कार्यालय, सानेपा, ललितपूरमा बुझाउनुहुन सम्बन्धित सबैलाई सूचित गरिन्छ । त्रि.वि. वाहेक अन्य विश्वविद्यालयवाट स्नातक/स्नातकोत्तर तह उत्तीर्ण भै आउने विद्यार्थीहरुले त्रि.वि. बाट निर्धारण गरेको समानस्तरको प्रमाण/प्रमाणपत्र समेत आवेदनसाथ संलग्न गर्नुपर्नेछ । तर Migration Certificate, भर्ना भै त्रि. वि. मा नाम दर्ता गर्ने समयमा, सक्कलै पेश गर्नु पर्नेछ । म्याद नाघी वा रित नपुगी प्राप्त हुन आएका आवेदन फाराम उपर कुनै कारवाही गरिने छैन । स्नातकोत्तर तहमा चार र बिद्याबारिधि तहमा दुइ डिग्रिका लागि निम्नानूसार बिषयहरुमा भर्ना लिइनेछ ।

(अ) **स्नातकोत्तर तह**

(क) एम.एस्सी. (कृषि) तहमा अध्यापन हुने विषयहरुः

(१) कृषि अर्थशास्त्र
(२) वाली विज्ञान
(३) बाली प्रजनन्
(४) माटो विज्ञान
(५) कृषि बनस्पती तथा इकोलोजी
(६) बागबानी
(७) कृषि प्रसार
(८) बालिरोग बिज्ञान
(९) किट बिज्ञान

(ख) एम.एस्सी. (पशु विज्ञान) तहमा अध्यापन हुने विषयहरुः

(१) पशु उत्पादन तथा व्यवस्थापन
(२) पशु पोषण तथा चारा उत्पादन

(ग) एम.एस्सी. (एक्वाकल्चर) तहमा अध्यापन हुने विषयः

(१) एक्वाकल्चर

(घ) एम.भि.एस्सी. तहमा अध्ययापन हुने विषयहरुः

(१) भेटेरीनरी प्याथोलोजी
(२) भेटेरीनरी प्यारासाइटोलोजी
(३) भेटेरीनरी गाइनोकोलोजी तथा अब्स्टेटीक्स (थेरीयोजेनोलोजी)

<u>आवश्यक न्यूनतम शैक्षिक योग्यताः</u>

(क) एम.एस्सी. (कृषि) तह
वि.एस्सी. (कृषि) वा बि.एस्सी. (बागबानी) तह कम्तीमा दोश्रो श्रेणीमा उत्तीर्ण ।

(ख) एम.एस्सी. (पशु विज्ञान) तह
वि.एस्सी. (कृषि/पशु विज्ञान) वा वि.भि.एस्सी. एण्ड ए.एच. तह कम्तीमा दोश्रो श्रेणीमा उत्तीर्ण ।

(ग) एम.एस्सी. (एक्वाकल्चर) तह
वि.एस्सी. (कृषि/पशु विज्ञान/मत्स्यपालन) वा वि.भि.एस्सी. एण्ड ए.एच. वा एम.एस्सी. (Zoology) मा इच्छाधिन Fisheries विषय वा वि.एफ.एस्सी. (Bachelor in Fisheries Science) को परीक्षामा कम्तीमा दोश्रो श्रेणीमा उत्तीर्ण ।

(घ) एम.भि.एस्सी. तह
वि.भि.एस्सी. एण्ड ए.एच. तह वा समानस्तरको डिग्री कम्तीमा दोश्रो श्रेणीमा उत्तीर्ण ।

(आ) **विद्यावारिधी तह (PLAN A and PLAN B)**

(१) कृषि बिज्ञान
(२) पशु विज्ञान

आवश्यक न्यूनतम शैक्षिक योग्यता:

**PLAN A:** संवन्धित विषयमा अंग्रेजी माध्यमवाट स्नातकोत्तर तह प्रथम श्रेणीमा उत्तीर्ण गरी First Author को हैसियतमा दुइवटा Journal Article प्रकाशित भएको ।

**PLAN B:** संवन्धित विषयमा अंग्रेजी माध्यमवाट स्नातकोत्तर तह प्रथम श्रेणीमा उत्तीर्ण गरी First Author को हैसियतमा दुइवटा Journal Article प्रकाशित भएको, वा मुख्य अनुसन्धानकर्ता भै पांचवटा Research Report प्रकाशित भएको, अथवा संवन्धित विषयमा अंग्रेजी माध्यमवाट स्नातकोत्तर तह दोश्रो श्रेणीमा उत्तीर्ण गरी First Author को हैसियतमा पांचवटा Journal Article प्रकाशित भएको, वा अनुसन्धानमा लगातार संलग्न रही मूख्य अनुसन्धानकर्ताको हैसियतमा कम्तिमा दशवटा Research Report प्रकाशित भएको ।

**प्रवेश परीक्षा तथा शूल्क:** विद्यावारिधी तहका लागि प्रवेश परीक्षा हुने छैन । तर PG बूलेटिनमा उल्लेख भएअनूसारको मापदण्ड पूरा गरेको हूनूपर्नेछ । आबेदन pg को हरेक सेमेष्टरको course registration को समय अघि पनि दिन सकिनेछ । आबेदन फाराम तथा अन्य शूल्क भरनाको लीग प्रकाशित सूचना बमोजिम हुनेछ ।

**(अ) स्नातकोत्तर तहको भर्ना कार्यक्रम**

1. आवेदन फाराम वितरण तथा बूझाउने: **२०७४ माघ १७ गते देखि २९ गते सम्म** कार्यालय समयभित्र ।
2. प्रवेश परीक्षा: एम.एस्सी. (कृषि) तहको लागि एक, एम.एस्सी (पशुबिज्ञान तथा एक्वाकल्चर) तहहरुको लागि एक र एम.भी.एस्सी. तहको लागि एक गरी जम्मा तिन परीक्षा हुनेछन् । ति तिन परीक्षाहरुको लागि विषयगत प्रश्न भार (Subjectwise weightage) निम्नानुसार रहनेछ:

२.१ एम.एस्सी. (कृषि):

| Plant and Social Sciences | Marks |
|---|---|
| 1. Agronomy………………….............. | 10 |
| 2. Horticulture…………………………. | 10 |
| 3. Soil science and agri.engineering.......... | 10 |
| 4. Agri. economics ……….............. | 5 |
| 5. Agri. botay and ecology……………..... | 5 |
| 6. Plant breeding……………………….. | 5 |
| 7. Plant pathology…………….............. | 5 |
| 8. Entomology……………….............. | 5 |
| 9. Sociology and Agri. Extension............ | 5 |
| **Total:** | **60** |
| **Animal Science and Aquaclture** | **Marks** |
| 1. Animal nutrition…………………….... | 5 |
| 2. LPM……………………................. | 5 |
| 3. Dairy……………………................. | 5 |
| 4. Animal breeding…………….……….. | 5 |
| 5. Aquaculture………………………….. | 5 |
| **Total:** | **25** |
| **Others** | **Marks** |
| **1.** Animal health ……............................ | 5 |
| **2.** Math and Statistics……….................... | 5 |
| 3. General knowledge .............................. | 5 |
| **Total:** | **15** |
| **Grand total:** | **100** |

२.२ एम.एस्सी. (पशु विज्ञान तथा एक्वाकल्चर) तहहरुका लागि:

| Animal Science | Marks |
|---|---|
| 1. LPM…………………………………. | 7 |
| 2. Animal nutrition……………………. | 6 |
| 3. Dairy………………………………… | 6 |
| 4. Animal breeding……………………. | 6 |
| Total: | 25 |
| Aquaculture……………………………… | 20 |

| Plant and Social Sciences | Marks |
|---|---|
| 1. Agronomy……………………............... | 3 |
| 2. Horticulture…………………………... | 3 |
| 3. Agri. economics ……….............. | 3 |
| 4. Agri. botay and ecology……………...... | 3 |
| 5. Soil science and agri. engineering........ | 3 |
| 6. Plant breeding……………………….. | 3 |
| 7. Sociology and agri. extension............... | 3 |
| 8. Plant pathology………………............ | 2 |
| 9. Entomology………………….............. | 2 |
| **Total:** | **25** |

| Veterinary Science | Marks |
|---|---|
| 1. Pathology…………………................... | 3 |
| 2. Parasitology……………….................. | 3 |
| 3. Medicine…………………................... | 3 |
| 4. Gynecology and obstetrics.................... | 3 |
| 5. Microbiology……………….................. | 3 |
| 6. Pharmacology…………….................... | 3 |
| 7. Physiology………………….................. | 3 |
| 8. Surgery……………………..................... | 2 |
| 9. Epidemiology and public health……..... | 2 |
| Total: | 25 |

| Others | Marks |
|---|---|
| 1. Math and statistics………………….... | 3 |
| 2. General knowledge…………………… | 2 |
| Total: | 5 |
| **Grand total:** | **100** |

2.3 एम.भि. एस्सी. तहका लागि:

| **Subjects** | **Marks** |
|---|---|
| 1. Pathology…………………................. | 10 |
| 2. Parasitology………………................. | 10 |
| 3. Gynecology and obstetrics.................. | 10 |
| 4. Medicine…………………................... | 5 |
| 5. Microbiology………………................ | 5 |
| 6. Pharmacology……………................... | 5 |
| 7. Physiology…………………................. | 5 |
| 8. Surgery……………………..................... | 5 |
| 9. Epidemiology and public health……... | 5 |
| 10. Animal science (Nutrition, LPM, Dairy and Breeding )............................ | 10 |
| 11. Sociology and agri. extension……….. | 5 |
| 12. Agri. economics ……….............. | 5 |
| 13. Aquaculture………………………….... | 5 |
| 14. Biochemistry………………………….. | 5 |
| 15. Math and statistics…………………… | 5 |
| 16. General knowledge……………….…... | 5 |
| **Total :** | **100** |

३. तिनै परीक्षा प्रत्यकमा प्रश्नहरु बहुछनौटिय बस्तुगत किसिम (Multiple choice objective type) का १०० वटा हुनेछन् । पूर्णाङ्क १०० र उतीर्णाङ्क ५० (५० प्रतिशत) हुनेछ ।

४. आबेदन फाराम प्रत्येक परीक्षा (M.Sc.Ag., M.Sc.An.Sc./Aqua. and M.V.Sc.) को लागि छुट्टाछुट्टै भर्नु पर्नेछ, र प्रत्यक आवेदन फाराम शुल्क रु. १०००।- (एक हजार रुपैंया) को दरले लाग्नेछ । आबेदन फाराम कार्यालय खुलेको दिनमा यस अध्ययन संस्थानको डीनको सम्पर्क कार्यालय, सानेपा, ललितपुरवाट प्राप्त गर्न सकिनेछ । आवेदन फाराम यस अध्ययन संस्थानको वेभसाइट www.iaas.edu.np वाट Download समेत गर्न सकिनेछ । आबेदन फाराम शुल्क त्रि. वि. कीर्तिपुर स्थित नेपाल बैंक लिमिटेडमा रहेको यस अध्ययन संस्थानको खाता "कृ.प.वि.अ .सं. पि.जी. खाता ४५-११-७७६२" मा रकम जम्मा गरी सोको सक्कलै भौचर प्रत्यक आबेदन फारामसाथ संलग्न गर्नुपर्नेछ ।

५. प्रवेश परीक्षा शुल्क प्रत्यक परीक्षा ( M.Sc.Ag., M.Sc.An.Sc./Aqua. and M.V.Sc.) को लागि रु. १५००।- (एकहजार पाच सय रुपैंया) का दरले लाग्नेछ । सो रकम पनि माथि उल्लेखित पि.जी. खातामा जम्मा गरी सोको सक्कलै भौचर प्रत्यक आवेदन फारामसाथ संलग्न हुनुपर्नेछ ।

६. यस शैक्षिक वर्षको लागि प्रत्यक विषयमा विद्यार्थी भर्ना कोटा न्यूनतम ३ र अधिकतम ८ निर्धारण गरिएको छ । सरकारी तथा गैह्र सरकारी विभिन्न संघ संस्थाबाट MOU बमोजिम मनोनयन भैं आउने विद्यार्थी संख्या भने यसमा समावेश छैन ।

७. प्रवेश परीक्षा: M.Sc.(Ag.) तथा M.V.Sc. तहहरुका लागि **२०७४ फागुन ५ गते शनिबार** विहान ११:०० देखी १२:३० बजेसम्म र M.Sc. (An.Sc. and Aquaculture) तहका लागि सोहीदिन १४:०० देखि १५:३० बजेसम्म कृ.प.वि.अ.सं., स्नातकोत्तर क्याम्पस, त्रि.वि. कीर्तिपुरमा संचालन हुनेछ । स्थान परिवर्तन हुने भएमा पछि जानकारी गराइनेछ ।

८. प्रत्यक परीक्षाको नतिजा तथा मेरिट क्रम **२०७४ फागुन ८ गतेभित्र** प्रकाशित गरिनेछ ।

९. मेरिट क्रमाङ्क यस अध्ययन संस्थानबाट लिइएको प्रवेश परीक्षाको प्राप्ताङ्कलाई ८० (असी) प्रतिशत र स्नातक तहमा प्राप्त गरेको प्रतिशतलाइ २० (वीस) प्रतिशत भार दिई तयार पारिनेछ । बिद्यार्थी भर्ना मेरीट क्रमाङ्कको आधारमा एकदिनमात्र गरिनेछ ।

१०. भर्ना हुन ईच्छुक विद्यार्थीहरु मिति **२०७४ फागुन १३ गते** दिनको १२:०० बजेभित्र त्रि.वि स्मृति भवन पछाडि रहेको यस अध्ययन संस्थानको  सम्पर्क कार्यालय कीर्तिपुरमा उपस्थित हुनुपर्नेछ ।

११. सोहीदिनको १२:०० बजेदेखि ४:०० बजेसम्म विद्यार्थीले ईच्छाएको कुनै एक विषयमा कम्तीमा ३ देखी बढीमा ८ जना सम्म मेरिटको आधारमा बिद्यार्थी भर्ना गरिने छ । कुनैपनि बिद्यार्थीको नाम दुई परीक्षामा निस्कीएतापनि एक बिषयमा भर्ना भएपछि अर्को बिषयमा भर्ना लिईनेछैन ।

१२. विद्यार्थी भर्ना भईरहेका बखत अधिकतम संख्या ८ नपुगेको अवस्थामा अगाडिको मेरिट क्रमाङ्क भएका विद्यार्थी १२:०० बजे पछि आइपुगमा अगाडिको मेरिटको विद्यार्थीलाई भर्ना लिईने छ ।

१३. तर अधिकतम संख्या ८ पूरा भईसकेको अवस्थामा अगाडिको मेरिटको विद्यार्थी भएपनि १२:०० बजेपछि आएमा सो विषयमा भर्ना लिईने छैन ।

१४. भर्ना हुन आउँदा आफूले आवेदन फारम साथ पेश गरेका सम्पूर्ण शैक्षिक योग्यता तथा नेपाली नागरिकताको सक्कलै प्रमाणपत्रहरु साथमा ल्याई अनिबार्य रुपमा रुजु गराउनु पर्नेछ ।

१५. प्रथम सत्रमा भर्नाहुँदा लाग्ने रकम बारे सूचना पछि प्रकाशित गरिनेछ । भर्ना भएका बिद्यार्थीले कुनैपनि कारणबाट अध्ययन नगरेमा वा बिच्मा छाडेमा अध्ययन संस्थानलाई बुझाएको कुनैपनि रकम फिर्ता हुनेछैन ।

१६. IdF (Institute Development Fund) शूल्क निर्धारण: एक परीक्षा भित्र बिभिन्न बिषयमा भर्ना भएका संपूर्ण बिद्यार्थीहरुको मेरीटको आधारमा IDF शूल्क निर्धारण गरिनेछ । मेरीट क्रमांकका प्रथम २०% बिद्यार्थीलाइ IDF शूल्क लाग्नेछैन । दोस्रो २०% बिद्यार्थीलाइ आधा र बाँकी सबै बिद्यार्थीलाइ पुर्ण IDF शूल्क लाग्नेछ । प्रतिशत लिंदा बिद्यार्थी संख्या दसमलब (fraction) मा आएमा fraction ०.५ वा सोभन्दा बढि भएमा माथिल्लो अंक र सोभन्दा कम भएमा तल्लो अंक कायम हुनेछ । IDF को प्रथम किस्ता कोर्ष रजिष्ट्रेशनको दिन्मा उपरोक्त पी.जी. खातामा जम्मागरी सोको सक्कलै भौचर वा नगद कार्यालयमा बुझाउनुपर्नेछ । IDF शूल्क समयमा नबुझाएमा नियमानुसार बिलम्ब शूल्क लाग्नेछ । साथै बिद्यार्थीको परीक्षा रोक्नुका साथै भर्ना रद्द समेत हुनसक्नेछ ।

१७. कोर्ष रजिष्ट्रेशन र कक्षा संचालन: कोर्ष रजिष्ट्रेशन २०७४ फागुन २८ गते र कक्षा संचालन २०७४ फागुन २९ गतेबाट हुनेछ । कुनै पनि बिद्यार्थीले कोर्ष रजिष्ट्रेसनको दिन्मा कोर्ष रजिष्ट्रेसन नगराएमा नियमानूसार बिलम्ब शूल्क लाग्नेछ ।

१८. यसमा उल्लेख भएका वा नभएका विषयहरुमा वा अन्य कुनै समस्या वा इस्यु आएमा IAAS Bulletin, Course Catalogue of Postgraduate Program, Revised 2011, वा स्नातकोत्तर भर्ना समिति, २०७३।७४ को निर्णय अनुसार हुनेछ ।

१९. छात्राबासको सुबिधा उपलब्ध हुने छैन ।

प्रा.डा. गोपाल बहादुर के.सी.
संयोजक
स्नातकोत्तर भर्ना समिति